# सखुवा प्रसौनी गाउँपालिका

## स्थानीय राजपत्र

**खण्ड २** **संख्या २** **मिति :२०७९।१०।१२**

**भाग–२**

## सखुवा प्रसौनी गाउँपालिका


# सखुवा प्रसौनी गाउँपालिका स्वयंसेवक शिक्षक परिचालन कार्यविधि २०७९

**प्रमाणिकरण मिति :२०७९।१०।११**

**प्रस्तावना** : प्रचलित कानुन तथा मापदण्ड बमोजिम सखुवा प्रसौनी गाउँपालिकामा स्थापना भई सञ्चालनमा रहेका सामुदायिक विद्यालयमा भएको शिक्षक अभावलाई परिपूर्ति गर्न आवश्यक योग्यता भएको जनशक्तिलाई स्वयंसेवक शिक्षकका रुपमा प्रभावकारी र पारदर्शि ढंगले परिचालन गरी शिक्षक अभावलाई न्युनिकरण गर्न आवश्यक भएकोले सखुवा प्रसौनी गाउँपालिका प्रशासकीय कार्यविधि (नियमित तथा व्यवस्थित गर्ने) ऐन २०७७ को दफा २९ बमोजिम सखुवा प्रसौनी गाउँ कार्यपालिकाले यो स्वयंसेवक शिक्षक परिचालन कार्यविधि २०७९ स्वीकृत गरी लागु गरेको छ ।

### परिच्छेद –1
### प्रारम्भ

१. **संक्षिप्त नाम र प्रारम्भ** : (1) यस कार्यविधिको नाम '' स्वयंसेवक शिक्षक परिचालन कार्यविधि 2079'' रहेको छ ।

(२) यस कार्यविधि गाउँ कार्यपालिकाले स्वीकृत गरेको मितिदेखि प्रारम्भ हुनेछ ।

२. **परिभाषा** : विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस कार्यविधिमा :

क) ' इकाइ ' भन्नाले शिक्षा विकास तथा समन्वय इकाइलाई सम्झनुपर्छ ।

ख) ' केन्द्र ' भन्नाले शिक्षा तथा मानव स्रोत विकास केन्द्र लाई सम्झनुपर्छ ।

ग) ' मन्त्रालय ' भन्नाले शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय लाई सम्झनुपर्छ ।

घ) ' स्थानीय तह ' भन्नाले सखुवा प्रसौनी गाउँपालिकालाई सम्झनुपर्छ ।

ङ) ' कार्यपालिका ' भन्नाले सखुवा प्रसौनी गाउँ कार्यपालिका सम्झनुपर्छ ।

च) ' शिक्षा , युवा तथा खेलकुद शाखा ' भन्नाले सखुवा प्रसौनी गाउँपालिकाको शिक्षा, युवा तथा खेलकुद शाखालाई जनाउनेछ ।

छ) ' विद्यालय ' भन्नाले प्रचलित कानुन बमोजिम अनुमति वा स्वीकृति लिई सञ्चालनमा रहेको सामुदायिक विद्यालय सम्झनु पर्दछ ।

ज) ' शिक्षा समिति ' भन्नाले सखुवा प्रसौनी गाउँपालिकाको शिक्षा एन तथा नियमावली बमोजिम गठन भएको गाउँ शिक्षा समिति सम्झनुपर्छ ।

झ) ' समिति ' भन्नाले यस कार्यविधि बमोजिम गठन भएको स्वयंसेवक शिक्षक छनोट तथा सिफारिस समिति सम्झनुपर्छ ।

ञ) ' स्वयंसेवक शिक्षक ' भन्नाले यस कार्यविधि बमोजिम नियुक्त स्वयंसेवक शिक्षक सम्झनुपर्छ ।

३. **स्वयंसेवक परिचालनको उद्देश्य तथा क्षेत्र :** (१) स्वयंसेवक शिक्षक परिचालनको उद्देश्य देहायबमोजिम हुनेछ :

क) विद्यालयको शिक्षक अभावलाई आंशिक रुपमा परिपूर्ति गर्नु ।

ख) शिक्षण गर्न आवश्यक योग्यता भएका युवाहरुलाई स्वयंसेवा मार्फत् स्थानीय तहका विद्यालयमा सेवा गर्ने मौका उपलब्ध गराई व्यवहारिक तथा जीवनोपयोगी सिप एवम् ज्ञानको अवसर हस्तान्तरण गर्नु ।

ग) युवा वर्गमा शिक्षण सीप दक्षता र नेतृत्व विकासको अवसर उपलब्ध गराउनु र

घ) विद्यालय स्तरको शौक्षिक गुणस्तर अभिवृद्धिमा सघाउ पुऱ्याउनु ।

(२) शिक्षक अभाव भएका सामुदायिक विद्यालय स्वयंसेवक शिक्षक परिचालनको क्षेत्र रहनेछ ।

## परिच्छेद – २

## स्वयंसेवक शिक्षक परिचालन सम्बन्धी व्यवस्था:

४. **स्वयंसेवक शिक्षक परिचालनका क्षेत्रहरु :** (१) गाउँपालिकाकाले उपलब्ध गराएको अनुदानमा विद्यालयले स्वयंसेवक शिक्षक तपसिल क्षेत्रमा परिचालन गर्नेछ :

१) बालविकास स्वयंसेवक शिक्षक

२) प्राथमिक तह स्वयंसेवक शिक्षक

३) निम्नमाध्यमिक तह स्वयंसेवक शिक्षक

४) माध्यमिक तह स्वयंसेवक शिक्षक

५) कम्प्यूटर अपरेटर वा कम्प्यूटर शिक्षक

६) प्रयोगशाला सहायक

५. **स्वयंसेवक शिक्षक छनोट तथा सिफारिस समिति :** (१) सामुदायिक विद्यालयमा स्वयंसेवक शिक्षक छनौट गरि नियुक्तिका लागि सिफारिस गर्न पालिका स्तरमा देहाय बमोजिमको एक छनौट तथा सिफारिस समिति रहनेछ :

क) प्रमुख प्रशासकिय अधिकृत – संयोजक

ख) इकाइले तोकेको अधिकृत स्तरको प्रतिनिधि कर्मचारी – 1 जना सदस्य

ग) माध्यमिक तहको शिक्षक छनौट गर्नुपर्ने भएमा शिक्षाशास्त्र विषयमा कम्तीमा स्नातकोत्तर र अन्य तहको शिक्षक छनौट गर्नुपर्ने भए शिक्षाशास्त्र विषयमा कम्तीमा स्नातक तह उत्तीण गरि सखुवा प्रसौनी गाउँपालिका शिक्षा, युवा तथा खेलकुद शाखाले सूचीकृत गरेका विषय विज्ञहरुमध्येबाट सम्भव भएसम्म एकजना महिला समेतको प्रतिनिधित्व हुने गरि शिक्षा समितिले मनोनीत गरेको दुई जना – सदस्य

घ) शिक्षा शाखा प्रमुख – सदस्य सचिव

(२) शिक्षक छनौट तथा सिफारिस समितिको सचिवालय शिक्षा शाखामा रहनेछ ।

(३) शिक्षक सेवा आयोगले शिक्षक छनौट गर्ने सम्बन्धमा मापदण्ड निर्धारण वा कार्यविधि जारी भएको भए शिक्षक छनौट समितिले त्यस्तो मापदण्ड वा कार्यविधि पालना गर्नुपर्नेछ ।

(४) शिक्षक छनौट तथा सिफारिस समितिको बैठक सम्बन्धी अन्य कार्यविधि शिक्षा समितिको सहमतिमा सो समिति आफैंले निर्धारण गरे बमोजिम हुनेछ ।

## परिच्छेद -3

## स्वयंसेवक शिक्षकको संख्या निर्धारण, छनोट तथा नियुक्ति सम्बन्धी व्यवस्था

६. **स्वयंसेवकको संख्या निर्धारण** : (१) शिक्षा, युवा तथा खेलकुद शाखाले विद्यालयमा हाल कायम रहेको शिक्षकको दरबन्दी, राहत अनुदान कोटा र केन्द्रद्वारा वितरण गरिने शिक्षण सहयोग अनुदान, केन्द्रद्वारा परिचालन गर्ने शिक्षा स्वयंसेवक र प्रदेशबाट प्रादन गरिएको स्वयंसेवक शिक्षक वा अन्य नाममा प्रदान गरिएको तलबी अनुदान समेत गणना गरि शिक्षक विधार्थी अनुपात, विद्यालयको सिकाइ उपलब्धि, नतिजा विश्लेषणका आधारमा दरबन्दी अपुग हुने विद्यालयमा स्वयंसेवक शिक्षक परिचालन हुने गरी स्वयंसेवकको संख्या निर्धारण हुनेछ ।

७. **स्वयंसेवकको मांग सङ्कलन**: शिक्षा, युवा तथा खेलकुद शाखाले प्रचलित तथा मापदण्ड र वर्तमान अवश्यकता बमोजिम शिक्षकको संख्या अपुग भएको विद्यालयको पहिचान गरी त्यस्ता विद्यालयको लागि तह र विषयगत रुपमा आवश्यक स्वयंसेवक शिक्षकको संख्या शौक्षिक सत्र सुरु भएको एक महिना भित्र सङ्कलन गरि एकिन गर्नुपर्नेछ ।

८. **स्वयंसेवक हुन चाहिने योग्यता** : स्वयंसेवक हुन देहायबमोजिमको योग्यता हुनुपर्नेछ :

क) नेपाली नागरिक

ख) १८ वर्ष उमेर पूरा भई 40 वर्ष उमेर ननाघेको

ग) मगज नबिग्रेको

घ) नैतिक पतन देखिने फौजदारी अभियोगमा अदालतबाट कसुरदार नठहरिएको

ङ) भविष्यमा सरकारी नोकरी वा शिक्षक सेवाका लागि अयोग्य ठहरिने गरि सेवाबाट बर्खास्त नगरिएको

च) मान्यताप्राप्त शिक्षण संस्थाबाट प्रारम्भिक बालशिक्षाका लागि एस.एल.सी. वा सो सरह, प्राथमिक तहका लागि प्रविणता तह वा सो सरह, निम्नमाध्यमिक तहको लागि सम्बन्धित विषयमा प्रवीणता वा सो सरह र माध्यमित तहका लागि सम्बन्धित विषयमा कम्तिमा स्नातक वा सो सरहको परीक्षा उतीर्ण भएको

छ) बालविकास बाहेक अन्य तहका लागि अध्यापन अनुमतिपत्र प्राप्त गरेको

ज) निम्नमाध्यमिक र माध्यमित तहको स्वयंसेवम शिक्षक पदका लागि पहिलो पटकको विज्ञापनमा दरखास्त नपरेमा दोस्रो पटक आवश्यक न्यूनतम योग्यता भएका तर अध्यापन अनुमतिपत्र नभएका उम्मेदवारले दरखास्त दिन पाउने गरि विज्ञापन आव्हान गर्न सकिनेछ । यसरी दोस्रो पटकको विज्ञापनबाट अध्यापन अनुमतिपत्र प्राप्त नगरेको उम्मेदवार छनौट भएमा छनौट भएको मितिले शिक्षक सेवा आयोगले गरेको पहिलो विज्ञापनबाट अध्यापन अनुमतिपत्र प्राप्त गर्न नसकेमा करार थप गरिने छैन ।

झ) माथि (ख) मा जुनसुकै कुरा लेखिएको भएमा पनि विद्यालय व्यवस्थापन समितिले प्रचलित शिक्षा ऐन र नियमावलीबमोजिम नियुक्ति भई 2078 चैत्र मसान्त सम्म निरन्तर कार्यरत शिक्षकको हकमा भने एक पटकका लागि स्वयंसेवक शिक्षक पदमा उम्मेदवार हुन उमेरको हदबन्दी लाग्नेछैन ।

९. **स्वयंसेवक छनोट तथा परिचालन सम्बन्धी व्यवस्था :** (1) गाउँपालिकाको शिक्षा शाखा बाट यकिन गरिएको स्वयंसेवक शिक्षक परिचालन कोटामा स्वयंसेवक शिक्षक नियुक्ति गरि परिचालन गर्नका लागि समितिले 15 दिनको सूचना प्रकाशन गर्नुपर्नेछ ।

(२) उपनियम (१) बमोजिम शिक्षक नियुक्ति लागि गरिएको विज्ञापनको सूचना गाउँपालिका, वडा कार्यालयमा टाँस गर्नुका साथै स्थानिय विद्यालय तथा संचार माध्यमलाइ प्रकाशन तथा प्रसारणको लागि जानकारी गर्नुपर्नेछ ।

(३) उपनियम (1) र (२) बमोजिम आवेदन माग गरेका उम्मेदवारहरु बिचमा शिक्षा नियमावली 2059 र शिक्षक सेवा आयोगको पाठयक्रम बमोजिम लिखित, मौखिक र प्रयोगात्मक परीक्षा मध्ये कुनै एक परीक्षा अनिवार्य सञ्चालन गर्नुपर्नेछ ।तर आवश्यकतानुसार एक भन्दा बढी परीक्षा सञ्चालन गर्न सकिन्छ ।

(४) उपनियम (३) बमोजिम दरखास्त दिई प्रतिस्पर्धाका आधारमा सबैभन्दा बढी अङ्क प्राप्त गर्ने उम्मेदरवारहरुमध्येबाट निर्धारित संख्या तह विषय मिल्ने गरि समितिले बढीमा एक शैक्षिक सत्रका लागि स्वयंसेवक शिक्षक करारमा नियुक्ति गरि परिचालनको लागि विद्यालयलाइ सिफारिस गर्न शिक्षा शाखामा पठाउन सक्नेछ ।

१०. **स्वयंसेवकको नियुक्ति** : (१) समितिको सिफारिसलाई शिक्षा शाखाले शिक्षा समितिबाट अनुमोदन गराई स्वयंसेवक शिक्षक आवश्यक भएको विद्यालयको लागि स्वयंसेवक शिक्षक नियुक्तिको सिफारिस पत्र प्रदान गर्नेछ ।

(२) उपनियम (१) बमोजिम सिफारिस गरेको व्यक्तिलाई सम्बन्धित विद्यालयले अनुसुचि – २ बमोजिमको ढाचामा सम्झौता गरी नियुक्ति गर्नु पर्नेछ ।र सो को अभिलेखिकरणको लागि विद्यालयले शिक्षा शाखालाई जानकारी पत्र पठाउनु पर्नेछ ।

(३) नियुक्ति भएको मितिले सात दिन भित्र विद्यालयमा हाजिर भई स्वयंसेवकले शिक्षण कार्य प्रारम्भ गर्नु पर्नेछ।सो अवधि भित्र शिक्षण कार्य प्रारम्भ नगरेमा नियुक्ति स्वत: बदर हुनेछ ।

(४) स्वयंसेवकले कुनै कारणवस कार्य अवधि पूरा नहुदै सेवा छाड्नु पर्ने भएमा दुई महिना अगावै सम्बन्धि विद्यालयलाई र सम्बन्धि विद्यालयले पालिकाको शिक्षा शाखालाई जानकारी गराउनु पर्नेछ ।

(५) उपनियम (४) बमोजिम रिक्त स्थानमा बाँकी अवधिका लागि मात्र समितिले सूचिकृत मध्येबाट सिफारिस गरेको व्यक्तिसँग सम्झौता गरी विद्यालयले नियुक्ति गर्न सक्नेछ ।

(६) उपनियम (2) बमोजिम स्वयंसेवक शिक्षक करारमा नियुक्ति भएपछि स्वयंसेवक शिक्षकका लागि गाउँ सभाले बजेट विनियोजन गरेमा शिक्षा समितिको सहमतिमा शिक्षा शाखा बाट अनुमति लिई विद्यालयले एक पटकमा छ महिनामा नबढाई करारको म्याद थप गर्न सक्नेछ ।

(७) उपनियम (६) बमोजिम करारको म्याद थपिएको जानकारी विद्यालयले शिक्षा, युवा तथा खेलकुद शाखालाई दिनुपर्नेछ ।

(८) यस नियम बमोजिमको प्रक्रिया नपुर्याई स्वयंसेवक शिक्षक नियुक्ति र करार गरिएमा शिक्षा शाखा प्रमुखले त्यस्तो नियुक्ति बदर गर्नेछ ।

११. **निर्वाह खर्च :** (1) स्वयंसेवक शिक्षकको आफ्नो पदमा बहाल रहेको मितिदेखि मासिक निर्वाह खर्च पाउनेछ ।

१२. **खटाउन सक्ने** : शिक्षा, युवा तथा खेलकुद शाखाले स्वयंसेवक शिक्षकलाई शिक्षा समितिको सहमतिमा एक विद्यालयबाट अर्को विद्यालयमा परिचालन गर्नेछ । यसरी परिचालन गर्दा परिचालन नहुने स्वयंसेवक शिक्षकको करार नवीकरण गरिनेछैन ।

१३. **स्वयंसेवकको काम कर्तव्य र अधिकार** : स्वयंसेवक काम, कर्तव्य र अधिकार देहायबमोजिम हुने छ :

क) हप्तामा न्युनतम चौविस कक्षा (पिरियड) अध्यापन गर्नुपर्ने

ख) पाठयक्रमले निर्धारण गरे बमोजिमको औपचारिक परीक्षा तथा निरन्तर विधार्थी मूल्याङ्कन गर्ने

ग) विद्यालयले तोकेकव अन्य कार्यहरु गर्ने ।

१४. **स्वयंसेवकको अवकास सम्बन्धी व्यवस्था**: (1) स्वयंसेवक लाई  देहाय बमोजिमको अवस्थामा प्रधानध्यापकले अवकाश दिन शिक्षा समितिमा सिफारिस गर्न सक्ने छ :

क) करारको अवधि समाप्त भएमा

ख) स्वेच्छिक रुपले अवकास लिने इच्छा गरी प्रधानाध्यापक समक्ष लिखित निवेदन दिएमा

ग) शारिरिक अस्वास्थाको कारण विद्यालयमा उपस्थित भई नियमित कामकाज गर्न असमर्थ भएमा

घ) खराब आचरण पर्दशन गरेमा

ङ) बिना सूचना लगातार पन्ध्र दिन सम्म विद्यालयमा अनुपस्थित भएमा

च) सन्तोसजनक रुपमा कार्य सम्मादन नगरेमा

छ) मादक पदार्थ सेवन गरि आएको स्वाथ्यकर्मीले प्रमाणित गरेमा

ज) आफूले अध्यापन गरेका विषयहरुको औसत सिकाइ उपलब्धी ५० प्रतिशत भन्दा कम भएमा

(2) उपदफा (1) बमोजिमको अवस्थामा विद्यालय व्यवस्थापन समितिले प्रर्याप्त आधार र प्रमाण सहित सिफारिस गरेको स्वयंसेवकलाई शिक्षा समितिले निर्णय गरी हटाउन सक्ने छ ।र सो को जानकारी शिक्षा शाखाले विद्यालयलाई र विद्यालयले स्वयंसेवकलाई दिनुपर्नेछ ।

(3) उपर्युक्त आधारमा हटाउन अघि निजलाई सफाइ पेश गर्न मौका दिनु पर्नेछ ।

## परिच्छेद -4

## स्वयंसेवकको सेवा शर्त र सुविधा

**१५ स्वयंसेवकको सेवा शर्त** : (१) स्वयंसेवक शिक्षकलाई एक शैक्षिक सत्रमा छ महिनाका लागि करार सम्झौता गरिनेछ । परिच्छेद ३ (१०) बमोजिम विद्यालयमा नियुक्त भएका स्वयंसेवक शिक्षक आवश्यक परेमा र गाउँसभाबाट स्वयंसेवक शिक्षकका लागि बजेट सवीकृत भई कार्यक्रमले निरन्तरता पाएमा शिक्षा समितिको सहमतिमा विद्यालय व्यवस्थापन समितिले 6/6 महिनामा म्याद थप गरि करार गर्न सक्नेछ ।

(2) स्वयंसेवक शिक्षकले सम्झैतामा तोकिए बमोजिमको शर्तहरु अनिवार्य रुपमा पालना गर्नु पर्ने छ

१५. **स्वयंसेवकलाई दिइने सुविधा** : (1) स्वयंसेवकलाई अनुसुची -3 बमोजिमको मापदण्डको आधारमा मासिक निर्वाह खर्च उपलब्ध गराइनेछ ।

(2) उपदफा (1) मा उपलब्ध गराइएको निर्वाह खर्चमा विद्यालय व्यवस्थापन समितिले आफ्नो स्रोतबाट भुक्तान हुने गरि थप सुविध उपलब्ध गराउन सक्नेछ ।

१६. **स्वयंसेवकको बिदा** : (1) स्वयंसेवको देहाय बमोजिमको बिदा पाउने छ :

क) विद्यालयमा रुजु हाजिरको आधारमा प्रत्येक महिना एक दिन विरामी विदा र एक दिन भैपरी आउने वा पर्व बिदा ।

ख) आफ्नो रित र परम्परा अनुसार बढिमा पन्ध्र दिन किरिया बिदा ।

ग) स्वयंसेवक बिदाको स्वीकृति सम्बन्धित विद्यालयको प्रधानाध्यापकले गर्ने छ ।

## परिच्छेद – 5

१७. **शिक्षा, युवा तथा खेलकुद शाखाको भूमिका** : स्वयंसेवक परिचालन सम्बन्धमा शिक्षा युवा तथा खेलकुद शाखाको भूमिका देहाय बमोजिम हुनेछ :

क) सवयंसेवकको निर्वाह भत्ता बापतको रकम विद्यालयलाई निकासा गर्ने

ख) स्वयंसेवकको कार्यसम्पादनको नियमित अनुगमन गर्ने

ग) विद्यालयगत रुपमा स्वयंसेवकको विवरण अध्यावधिक गरी राख्ने

घ) गाउँसभाबाट कार्यक्रमले निरन्तरता पाई आगमी शैक्षिक सत्रका लागि आवश्यक पर्ने भएमा सवयंसेवक शिक्षक संख्या निर्धारण गर्ने ।

१८. **विद्यालयको भूमिका** : स्वयंसेवक परिचालन सम्बन्धमा विद्यालयको भूमिका देहाय बमोजिम हुने छ :

क) सिफारिस भई आएका स्वयंसेवकलाई विद्यालय व्यवस्थापन समितिबाट अनुमोदन गराई सम्झौता गरी नियुक्ति दिइ सो को जानकारी शिक्षा, युवा तथा खेलकुद शाखालाई गराउने ।

ख) स्वयंसेवकको जिम्मेवारी बाँडफाँड र आचारसंहिता कार्यान्वयन गराउने ।

ग) गाउँ सभाबाट शिक्षक सवयंसेवक कार्यक्रमले आगामी शैक्षिक सत्रका लागि आवश्यक पर्ने देखिएमा स्वयंसेवक संख्याको आवश्यकताको पुष्टयाइ सहित प्रमाणित गरी शिक्षा युवा तथा खेलकुद शाखामा पठाउने ।

## परिच्छेद – 6
## विविध

१९. **सवयंसेवक शिक्षकले देहाय बमोजिमको आचारसंहिता पालना गर्नु पर्नेछ** :

क) आफुले गरेको सम्झौता अनुसारका कार्य इमानदारीपूर्वक सम्पन्न गर्ने

ख) निर्धारित समयमा नियमित रुपले विद्यालयमा आए गएको समय जनाइ हाजिर गर्ने र पहिले बिदाको अनुमति नलिइ विद्यालयमा अनुपस्थित नहुने

ग) कुनै, भाषा, धर्म तथा सम्प्रदाय विरोधि भावना शिक्षक तथा विधार्थीमा फैलाउन नहुने

घ) नेपाल सरकारको विद्यानमा निति र व्यवस्थाको प्रतिकुल हुने गरि कुनै पनि कार्य नगर्ने

ङ) सम्बन्धित निकायको नियम र कानुन विपरितको कार्य नगर्ने

च) कुनै पनि राजनितिक दलको गतिविधिमा संलग्न नहुने

छ) इमान्दार, शिष्ट, नम्र तथा पारदर्शी व्यवहार अवलम्वन गर्ने

२०. **अनुगमन तथा प्रतिवेदन व्यवस्था**: (1) स्वयंसेवकले गरेको कार्यको नियमित अनुगमन सम्बन्धित प्रधानाध्यापकबाट हुनेछ ।

(2) प्रधानाध्यापकले उपदफा (1) बमोजिमको अनुगमन प्रतिवेदन त्रैमासिक रुपमा सम्बन्धित शिक्षा, युवा तथा खेलकुद शाखामा पठाउनु पर्नेछ ।

(3) प्रधानाध्यापकबाट स्वयंसेवकले गरेका कार्यको नियमित अनुगमन भए नभएको विषयमा आवश्यकता अनुसार शिक्षा, युवा तथा खेलकुद शाखाले स्थलगत अनुगमन गर्न सक्नेछ ।

२१. **बाझिएमा अमान्य हुने** : यस कार्यविधिको कुनै व्यवस्था प्रचलित कानुनसंग बाझिएमा बाझिएको हदसम्म कार्यविधिको व्यवस्था अमान्य हुनेछ ।

## अनुसूची -१

श्री ................................. विद्यालय सखुवा प्रसौनी गाउँपालिका

........................... पर्सा

स्वयंसेवक शिक्षक पदको दरखास्त फारम

1. वि.नं. :                    2. तह :                    3. विषय :

4. पद :

5. व्यक्तिगत विवरण सम्बन्धि:

<table>
<tr><td rowspan="7">उम्मेदवारको</td><td rowspan="2">नाम थर</td><td colspan="3">देवनागरीमः</td></tr>
<tr><td colspan="3">English Capital:</td></tr>
<tr><td>ना.प्र.नं.</td><td colspan="2">जारी गरेको जिल्लाः</td><td>जारी मितिः</td></tr>
<tr><td colspan="3">स्थायी अध्यापन अनुमति पत्र नं. :</td><td>तहः</td></tr>
<tr><td>लिङ्गः</td><td>धर्मः</td><td>वर्णः</td><td>जातिः</td></tr>
<tr><td colspan="4">विशेष चिन्ह (हुलिया) :</td></tr>
<tr><td colspan="2">वैवाहिक स्थितिः</td><td colspan="2">मातृभाषाः</td></tr>
<tr><td rowspan="3">स्थायी ठेगाना</td><td>जिल्लाः</td><td colspan="3">गा.पा/न.पा. :</td></tr>
<tr><td>वडा नं. :</td><td colspan="3">टोलः</td></tr>
<tr><td colspan="2">मार्ग/घर नं. :</td><td colspan="2">फोन नं. :</td></tr>
<tr><td colspan="2">पत्राचार गर्ने ठेगानाः</td><td colspan="3">इमेलः</td></tr>
<tr><td colspan="2">बाबुको नाम थर :</td><td colspan="3">आमाको नाम थरः</td></tr>
<tr><td colspan="2">बाजेको नाम थर :</td><td colspan="3">पति/ पत्नीको नाम थर :</td></tr>
<tr><td rowspan="2">जन्म मिति (साल, महिना, गते)</td><td colspan="2">वि.सं. :</td><td colspan="2">ई.सं. :</td></tr>
<tr><td colspan="4">दरखास्त दिने अन्तिम मिति सम्मको उमेर वर्षः महिनाः दिनः</td></tr>
</table>

6. न्युनतम योग्यता सम्बन्धि विवरण (आवश्यक शैक्षिक योग्यता मात्र)

| क्र.सं. | अध्ययन गरेको संस्थाको नाम | उत्तिर्णाङ्क | | | कुल प्राप्त अङ्क | प्रतिशत | मुख्य विषयहरु |
|---|---|---|---|---|---|---|---|
| | | परीक्षा | साल | श्रेणी | | | |
| १ | | | | | | | |
| २ | | | | | | | |

7. दश महिना वा सो भन्दा माथिको तालिमको विवरण

| क्र.सं. | तालिम दिने संस्थाको नाम | तालिमको नाम | विषय | परिक्षा उत्तिर्ण गरेको साल | श्रेणी | प्रतिशत | तालिमको अवधी | |
|---|---|---|---|---|---|---|---|---|
| | | | | | | | देखी | सम्म |
| १ | | | | | | | | |
| २ | | | | | | | | |

8. शिक्षक पदको करार परीक्षाको लागि परिक्षा दस्तुर वापतको रकम रु .................... को बैंक भौचर नं. ...................................... दाखिला गरेको सक्कल भौचर र दरखास्त फारमका साथ संलन कागजातहरुको फोटोकपिमा सक्कल बमोजिम नक्कल ठीक छ भनी दस्तखत गरी थान ......... यसै साथ पेश गरेको छु ।

९. यस दरखास्तमा उल्लेख गरेका सम्पुर्ण विवरणहरु सत्य छन् । उम्मेदवारको लागि दिइएको निर्देशन मैले राम्ररी पढेको छु र म ती सबै शर्तहरु पालना गर्ने मंजुर गर्दछु । लेखिएको विवरण झुठा ठहरिएमा कानुन बमोजिम सहुँला बुझाँउला ।

दायाँ

बायाँ

द

उम्मेदवारको

मिति:

## अनुसूची -२

**( दफा १० को उपदफा (२) सँग सम्बन्धित )**

**<u>स्वयंसेवक शिक्षक सँग विद्यालयले गर्नु पर्ने सम्झौता पत्रको ढाँचा</u>**

श्री विद्यालय ( यस पछि ' प्रथम पक्ष ' भनिनेछ ) र गा पा न पा वडा नं स्थायी ठेगाना भई हाल बस्ने श्री (यस पछि ' दोश्रो पक्ष ' भनिनेछ) बीच शिक्षण स्वयंसेवकको रुपमा मिति देखि मिति सम्म विषयमा शिक्षण कार्य गर्न भएको सम्झौता पत्र ।

**(१) प्रथम पक्षले गर्नुपर्ने कार्यहरु**

(क) शिक्षण स्वयंसेवक परिचालन कार्यविधि २०७९ बमोजिम निर्वाह भत्ता वापतको रकम उपलब्ध गराउने ।
(ख) शिक्षण स्वयंसेवक परिचालन कार्यविधि २०७९ बमोजिम स्वयंसेवकले पाउने विदाको सुविधा उपलब्ध गराउने ।
(ग) शिक्षण स्वयंसेवक परिचालन कार्यविधि २०७९ बमोजिम स्वयंसेवकको आचार संहिता पालना गराउने ।

**(२) दोश्रो पक्षले पालन गर्नुपर्ने शर्तहरु**

(क) शिक्षण स्वयंसेवक परिचालन कार्यविधि २०७९ बमोजिम निर्वाह भत्ता वापतको रकम उपलब्ध गराउने ।
(ख) नियमित पठनपाठनका साथै अतिरित्त कृयाकलाप लगायत विद्यालयले दिएको अन्य जिम्मेवारी पुरा गर्ने
(ग) शिक्षण स्वयंसेवक परिचालन कार्यविधि २०७९ बमोजिम स्वयंसेवकको आचार संहिता पालना गर्ने
(घ) निर्वाह भत्ता वाहेक अन्य कुनै प्रकारको सेवा र सुविधा दावी नगर्ने ।

| | |
|---|---|
| **दोश्रो पक्षको तर्फबाट** | **प्रथम पक्षको तर्फबाट** |
| नाम | नाम |
| ठेगाना | ठेगाना |
| दस्तखत | दस्तखत |
| मिति | मिति |
| **<u>रोहबर</u>** | **<u>रोहबर</u>** |
| नाम | नाम |
| पद | पद |
| दस्तखत | दस्तखत |
| मिति | मिति |

## अनुसूची -3

**स्वयंसेवक शिक्षक निर्वाह खर्च निर्धारणका आधारहरु**

| क्र.सं. | तह | निर्वाह खर्च कुल | शिक्षक भार 60% | सिकाइ उपलब्धि 20% | नतिजा विश्लेषण 20% | हुन आउने रकम |
|---|---|---|---|---|---|---|
| 1 | बालविकास | १७००० | १०२00 | ३४०० | ३४०० | |
| 2 | प्राथमिक तह | २०००० | १२००० | ४००० | ४००० | |
| 3 | निम्न माध्यमिक | २२००० | १३२०० | ४४०० | ४४०० | |
| 4 | माध्यमिक | २६००० | १५६०० | ५२०० | ५२०० | |

पुनश्च : विद्यालयको सम्बन्धित विषयको सिकाइ उपलब्धि र नतिजा विश्लेषण अघिल्लो शैक्षिक सत्रको आवधिक परीक्षाको मुल्याङ्कनबाट हुनेछ । कुनै विद्यालयको सम्बन्धित विषयको औसत सिकाइ उपलब्धि र नतिजा विश्लेषण प्राप्ताङ्क ४० भन्दा कम वा सिकाई उपलब्धी 50 भन्दा कम भएमा सिकाइ उपलब्धि र नतिजा विश्लेषण वापतको अनुदान रकम शून्य कायम हुनेछ ।

आज्ञाले

देवनाथ साह
प्रमुख प्रशासकीय अधिकृत